**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः

- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

**बाढीपहिरोबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

epratеekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन १९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 04 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३५

## पानीको समस्या समाधान गर्न सरकार गम्भीर छ –मन्त्री यादव

प्रस, वीरगंज, १८ साउन/

वीरगंजलगायत पर्सामा देखिएको पानीको समस्या समाधानबारे सरोकारवालाहरूसँगको एक दिने छलफल कार्यक्रम वीरगंजमा बिहीवार सम्पन्न भएको छ । कार्यक्रममा सङ्घीय सरकारका खानेपानीमन्त्री महेन्द्रराय यादवले पर्सामा देखिएको खानेपानीको समस्या साङ्केतिक नभई गहनरूपले सरकारले लिएको बताए ।

देशमा लामो समयदेखि भइरहेको चुरे दोहनका कारण जलवायु तथा वातावरण परिवर्तन भएर पर्सा मात्र होइन, सिङ्गो तराईमा नै पानीको हाहाकार भएको बताए । राज्यले यसलाई गहनरूपमा लिएको र उच्चस्तरीय टोली गठन गरी तराईका २२ वटा जिल्लालगायत देशभरिको पानीको समस्या निदानबारे सोधीखोजी गरिरहेको बताए ।

वीरगंज महागरले आयोजना गरेको कार्यक्रममा मन्त्री यादवले पर्सामा देखिएको तत्कालको समस्या समाधान गर्न स्वयम् स्थानीय सरकार अगाडि बढ्नुपर्ने र दीर्घकालीन समाधानका लागि दातृ संस्था जाइका र एडिबीको सहकार्यमा काम हुने बताए ।

तराईका जिल्लाहरूमा सङ्घ, प्रदेश तथा स्थानीय सरकारले विनामापदण्ड चापाकलहरू जथाभावी वितरण गर्दा तराईमा भोलि अर्को सङ्कट आउने मन्त्री यादवले बताए ।

चापाकल जडान कार्यमा गुणस्तरहीन धाराका पाइप वितरण गर्दा तराईका अधिकांश जनता अहिले आर्सेनिकयुक्त खानेपानी पिउने बाध्य भएकाले त्यस्ता धारा वितरण प्रक्रिया अघि नबढाउन उनले निर्देशन पनि दिए । राज्यले स्वच्छ पानीको लागि गाउँगाउँमा ओभरहेड टङ्की निर्माण गरेको र बाँकी गापाहरूमा निर्माण कार्य भइरहेको मन्त्री यादवले जानकारी दिए । उनले खानेपानीको लागि चेकजाँच गरी टङ्की निर्माण गराउन जनप्रतिनिधिहरूलाई आग्रह गरेका थिए ।

खानेपानीको समस्या एक्लो नभई साझा समस्या भएकोले सबै मिलेर अगाडि बढ्नुपर्नेमा उनले जोड दिए । निजी र सरकार मिलेर देशभरि खानेपानीको व्यवस्थापन भइरहेकाले वीरगंजमा देखिएको समस्याबारे सञ्चालक समितिको बैठक बसी जनशक्ति तथा बजेटको पहल गर्न आफू तयार रहेको मन्त्री यादवले बताए ।

कार्यक्रममा वडाध्यक्षहरूले नगरप्रमुख सिंहले पानी वितरण कार्यमा पक्षपात गरेको आरोप लगाएका थिए । आफ्नै बोर्डको बैठक ठानेर छलफल कार्यक्रममा एकअर्काविरुद्ध आरोप-प्रत्यारोप गरेका थिए । महानगरले कसैलाई डीप बोरिङमा रोक लगाउने तथा नातागोतामा रोक नलगाउने जस्ता गतिविधि रोक्न वडाध्यक्षहरूले सुझाव दिएका थिए ।

महानगरमा पानीको सङ्कट पर्दा वडाका जनप्रतिनिधिहरू पानी सङ्कटको समाधान गर्न लागिपरेको बेला एक्कासि सूचना निकाली धारा जडानमा रोक लगाउनु गलत भएको वडाध्यक्षहरूले बताए । जसपा जितेका वडाहरूमा पानीको वितरण सहज तथा एमाले र काङ्ग्रेस जितेका वडाहरूमा पानी वितरणमा ढिलाइ गर्नु गलत परिपाटी भएको उनीहरूले बताए ।




कार्यक्रममा सङ्घीय सांसद प्रदीप यादवले वीरगंजमा देखिएको खानेपानीको समस्याबारे आफूले सरोकारवालाहरूसँग छलफल गरिरहेको बताए । वीरगंज हुँदै अन्य गापाहरूमा पनि धमाधम धाराहरू सुकिरहेका जानकारी पाएकोले आफूले सरकारलाई पटकपटक ध्यान आकर्षण गराए पनि मौन बस्नु चिन्ताको विषय भएको उनले बताए ।

कार्यक्रममा सङ्घीय सांसद अजय चौरसियाले खानेपानीको समस्याबारे संसद्मा आफूले जानकारी गराएको बताए । चालू आर्थिक वर्षमा आफ्नो संसदीय बजेटबाट रु एक करोड छुटचाइ खानेपानीको समस्या समाधान गर्ने बताए ।

त्यस्तै, खानेपानी कार्यालय कम्पनी लि., वीरगंजका प्रमुख नीरण महर्जनले वीरगंजमा देखिएको पानीको समस्या समाधानको लागि करोड रुपैयाँ आवश्यक रहेको बताए । तत्काल स्थानीय तहहरू एकजुट भई अगाडि बढ्न उनले सुझाएका थिए । महानगरका धेरै वडामा खानेपानी संस्थानको पाइप नरहेकोले त्यहाँका जनतालाई कसरी खानेपानी उपलब्ध गराउनेबारे महानगरले सोच्ने बेला आएको बताए । १ देखि ३२ वडाका लागि खानेपानीको बृहत् योजना केन्द्रीय कार्यालयमा पठाइसकेको उनले बताए ।

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सांसद श्याम पटेल, प्रमोद जायसवाल, अजय द्विवेदी, खानेपानी संस्थानका अध्यक्ष गुणाकर भुसाल, महाप्रबन्धक ईश्वरप्रसाद मरासनी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## कर्मचारी इमानदार भए राजस्व बढ्छ -अर्थमन्त्री डा महत

प्रस, परवानीपुर, १८ साउन/



अर्थमन्त्री डा प्रकाशशरण महतले इमानदार भएर काम गरे राजस्वले लक्ष्य भेट्ने बताएका छन् ।

बिहीवार वीरगंज तथा सिमराका राजस्व सङ्कलन गर्ने चारवटा कार्यालयको निरीक्षण गरी अधिकारीहरूसँग छलफल गर्दै सो कुरा बताएका हुन् । बुधवार साँझ अर्थ मन्त्रालयका उच्च अधिकारीहरूसँग वीरगंज आएका मन्त्री डा महतले वीरगंज भन्सार, श्रीसिया सुक्खा बन्दरगाह भन्सार, आन्तरिक राजस्व कार्यालय, पर्सा, आन्तरिक राजस्व कार्यालय, सिमरा, बाराको निरीक्षण गरेका थिए ।

चारवटा राजस्व केन्द्रित कार्यालयको निरीक्षण अनुगमनपछि हरेक कार्यालयका कर्मचारीसँग छुट्टाछुट्टै राजस्व सङ्कलनमा उत्पन्न समस्या एवं चुनौतीका विषयमा उनले जानकारी लिंदै कर्मचारीलाई पृष्ठपोषणसमेत दिएको एक अधिकारीले बताए । उनले भन्सारमा हुने दुरुपयोगलाई कर्मचारीले गम्भीरतापूर्वक लिनसके र सबै इमानदार भइदिए सजिलै लक्ष्यमा पुग्न सकिने ठोकुवा गरे । मन्त्री महतले आयात नहुँदा भन्सार शुल्क नउठ्नु स्वाभाविक भएको र यो कर्मचारीको नियन्त्रणबाहिरको कुरा भएको बताए । तर बजारमा प्रशस्त मालवस्तु भित्रिंदा पनि राजस्व घटिरहेको छ भने त्यो अवस्थामा प्रश्न गर्न सकिने उनको भनाइ थियो ।

"हामीले यथेष्ट काम गरेनौं, हामी जिम्मेवार भएनौं, हामीले आँखा चिम्लियौं अथवा हामीले सार्वजनिकभन्दा निजी फाइदालाई महत्त्व दियौं भने राजस्व कम उठ्छ," उनले भने । जायज कुरालाई नजायज बनाउँदा र सार्वजनिकभन्दा निजी फाइदालाई माथि राख्न थालियो भने निश्चितरूपमा व्यवसायीले अर्को बाटो रोज्ने उनको भनाइ थियो ।

राजस्व सङ्कलनमा भन्सार र सुरक्षा निकायको महत्त्वपूर्ण भूमिका हुने भएकाले सबैले सहकार्य गरी राजस्व सङ्कलनबारेमा गम्भीर बन्नसमेत उनले निर्देशन दिए । "भन्सार नाकाभन्दा बाहिरबाट मालवस्तु आयात भयो भने त्यसलाई सुरक्षा निकायले हेर्नुपर्छ," मन्त्री महतले भने, "सुक्खा बन्दरगाहमा ठूलो मेशिन आए पनि उपयोगमा आउन नसकेको छैन ।" उपयोगमा किन आएन कसैलाई थाहा छैन, अरूले सहयोग नै गर्न चाहेनन्, यो प्रयोगमा आयो भने निजीलाई फाइदा पुग्दैन भन्ने सुनियो । राजस्व सङ्कलनमा वीरगंजका सरकारी कार्यालयको अहम् भूमिका रहने भएकाले सोहीअनुरूप आचरणमा बसी काम गर्न सबै कर्मचारीलाई उनले अपीलसमेत गरे ।

## दश दिनदेखि ओझैया आमरण अनशनमा

प्रस, परवानीपुर, १८ साउन/

पर्सामा एकजना युवक दश दिनदेखि आमरण अनशनमा बसेका छन् ।

पटेर्वासुगौली–३ सानो देकुलीका रामजन्म ओझैया थारू पटेर्वासुगौलीको बेथितिको विरुद्धमा आमरण अनशनमा बसेका हुन् । गापा तथा गापाका जनप्रतिनिधिविरुद्ध आन्दोलनरत रामजन्म दुई दिन वीरगंजको घण्टाघर, तीन दिन गापाको कार्यालयअगाडि आमरण अनशन बसेर उनको स्वास्थ्य अवस्था बिग्रिएपछि उनलाई उपचारको लागि नारायणी अस्पतालमा भर्ना गरिएको थियो ।

नारायणी अस्पतालको आकस्मिक शाखामा उपचाररत रामजन्मले स्लाइन पानीको सहारामा आमरण अनशन बसेको बताएका छन् । जबसम्म उनको माग पूरा हुँदैन, तबसम्म अनशन नतोड्ने उनले बताएका छन् । उनले गापाले कृषि

(बाँकी अन्तिम पातामा)



रामजन्म ओझैया

## प्रदीप रूँगटालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश, अदालतमैं बेहोश भएपछि अस्पताल भर्ना

प्रस, वीरगंज, १८ साउन/

व्यवसायी शङ्कर कँडेल आत्महत्या दुरुत्साहन मुद्दाका फरार प्रतिवादी प्रदीपकुमार रूँगटालाई जिल्ला अदालत चितवनले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ ।

आदेशसँगै रूँगटा अदालत परिसरमैं बेहोश भएपछि अस्पताल लगिएको छ । उनलाई उपचारको लागि भरतपुर अस्पताल लगिएको छ ।

घटनाको तीन महीनापछि बिहीवार रूँगटा चितवन जिल्ला अदालतमा आफैं हाजिर भएका थिए ।

अदालतका श्रेस्तेदार ईश्वर आचार्यले सो मुद्दामा रूँगटालाई पुर्पक्षका लागि थुनामा पठाइएको जानकारी दिए । जिल्ला न्यायाधीश डिल्लीराम शर्मा अर्यालको इजलासले उक्त आदेश गरेको हो ।

व्यवसायी कँडेलले वैशाख १९ गते अनमोल फिड्सको कार्यालय बेलचोकमा झुन्डिएर आत्महत्या गरेका थिए । उनको मृत्युपछि परिवारले रूँगटा र जीवन रावलविरुद्ध किटानी जाहेरी दिएको थियो ।

रावललाई प्रहरीले वैशाख २२ गते पक्राउ गरी चितवन पुर्याइएको थियो । उनी उच्च अदालतको आदेशबाट धरौटीमा रिहा भएका छन् । कँडेलको मृत्युपछि रूँगटा फरार रहँदै आएका थिए । कँडेलले आफूले नेतृत्व गर्दै आएको अनमोल फिड्सको ८५ प्रतिशत शेयर रूँगटालाई बिक्री गरेपछि सो समूहले मानसिक तनाव दिएकै कारण आत्महत्या गर्नुपरेको 'सुसाइड नोट'मा उल्लेख गरेका थिए ।

## आँखा पाक्ने रोग 'कन्जक्टिभाइटिस'को प्रकोप बढ्दो, बालबालिका बढी पीडित

राधेश्याम पटेल, परवानीपुर, १८ साउन/

अत्यधिक गर्मीका कारण पानीको हाहाकार मचेको मध्य तराईका जिल्लामा अर्को समस्या सिर्जना भएको छ ।

सर्वसाधारणमा आँखा पाक्ने रोग (कन्जक्टिभाइटिस)को प्रकोप यस भेगमा बढेको छ । मध्य तराईका जिल्ला पर्सा, बारा, रौतहटसँगै भारतको बिहारमा पनि यो समस्या देखिएको नेत्र विशेषज्ञहरूले बताएका छन् । मध्य तराईको सबैभन्दा पुरानो आँखा अस्पताल केडिया आँखा अस्पताल, परवानीपुरका नेत्र विशेषज्ञ डा नितिन तुल्स्यानले अहिले दैनिक सयजना बिरामीमध्ये ४० जनामा यस्तो समस्या भेटिएको बताए । उनले गर्मीको कारण प्रदूषित पानी तथा हावाका कारण यो रोग फैलिरहेको बताए । उनले पछिल्लो समय पर्सा, बारा, रौतहट, मकवानपुर, भारतको बिहारलगायतका ठाउँबाट बालबालिका, युवा, वृद्धवृद्धालगायतहरूमा यस्तो प्रकोप देखिएको उनले बताए ।

आँखा पाक्ने रोग भन्नाले पूरै आँखा




रातो हुने, आँसु झर्ने, आँखा पोल्ने, दुख्ने जस्ता यो रोगका लक्षणहरू हुन् । यो रोगबाट बच्न सङ्क्रमितभन्दा टाढा बस्ने, चश्मा लगाउने, सरसफाइमा ध्यान दिने, धूवाँ, धूलो र प्रदूषित पानी प्रयोगबाट बच्ने, स्वीमिङपुलमा ननुहाउने, सङ्क्रमित बालबालिकालाई विद्यालय वा सार्वजनिक स्थानमा नपठाउने जस्ता सावधानी अपनाउन नेत्र विशेषज्ञहरूले सुझाव दिएका छन् ।

केडिया आँखा अस्पतालका व्यवस्थापक प्रकाशकुमार बर्माले प्रकोपको सर्ने दरलाई घटाउन स्थानीय पालिकाले विद्यालय बन्द गरी सहयोग गर्न अपील गरेका छन् । उनले विद्यालयमा एक बच्चाबाट अर्को बच्चा र त्यसपछि घरपरिवार हुँदै सबै समाजमा यो रोगको सङ्क्रमण फैलिरहेकाले सही समयमा तयारी गरी रोगको प्रकोपलाई नियन्त्रण गर्न उनले आग्रह गरे ।

अहिले वीरगंजका विभिन्न सरकारी र निजी विद्यालयका बालबालिकामा सङ्क्रमण देखिएका छन् । विद्यार्थीमा सङ्क्रमण देखिएपछि विद्यालयले ती बच्चालाई उपचार गरी मात्रै विद्यालय आउन आग्रह गरेको छ ।

### ग्रामीण भेगमा पनि आँखा पाक्ने रोगको प्रकोप

धमेन्द्र चौरसिया, पोखरिया/

पर्सामा आँखा पाक्ने रोग दिन प्रतिदिन बढ्दै गएपछि अहिले आँखा अस्पतालहरूमा भीड लागेको छ । अत्यधिक गर्मी तथा प्रदूषित हावाका कारण आँखा पाक्ने बिरामीको सङ्ख्या दिन प्रतिदिन बढ्दै गइरहेको पोखरिया अस्पतालले जनाएको छ ।

सो रोगबाट सबैभन्दा बढी स्कूले विद्यार्थीहरू पीडित भएका छन् । रोगको कारण अधिकांश विद्यालयमा पठनपाठन पनि प्रभावित हुने गरेको शिक्षकहरू बताउँछन् । रोग निदानको लागि चिकित्सकको रायसुझाव लिई औषधि खाने तथा सफा पानीले आँखा सफाइ गर्ने, कालो चश्मा लगाउने चिकित्सकले सुझाव दिएका छन् ।

## विचारसार र सूक्तिहरू

**जीवन अनिश्चितताले भरिएको छ । तर त्यहाँ प्रत्येक सूर्यास्तपछि सूर्योदयको निश्चितता पनि छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# ठोरीको पानी

**पर्साको मात्रै होइन, मधेस प्रदेशकै सुदूरपश्चिममा अवस्थित ठोरी प्रदेशकै पहिलो र एकमात्र पर्यटकीय क्षेत्र घोषित गाउँपालिका हो । पर्यटन क्षेत्र घोषणाको लागि यहाँको पानी अर्थात् जलाधारले पनि महत्त्वपूर्ण टेवा पुऱ्याएको हो । ठोरी गापाका ठुटे खोला, जरायो खोला, सरस्वता त्यसैगरी ओडार मुहान क्षेत्रमा गर्मीयामताका पानीमा डुबुल्की मार्न टाढादेखि आगन्तुकहरू आउने गर्छन् । मुख्यतः पर्साका वीरगंजलगायत अन्य पालिकाहरू, बाराको जीतपुरसिमरा, सीमावर्ती भारतीय शहर नरकटियागंज र सो आसपास क्षेत्रका बासिन्दाहरूसमेत ठोरी आउने गर्छन् । हिउँदमा तातो पानी र गर्मीमा चीसो पानी आउने अमृतधारा, राईधारालगायत मुहानबाटै निस्किएका धाराहरूको महत्त्व छुट्टै छ । यी धाराहरूमा मूलबाट पानी निकालिएका कारण चीसो मौसममा तातो र गर्मीमा चीसो पानी हुने गरेको हो । मूलको पानी शुद्ध हुने भएकोले भारतीय क्षेत्र भिखना ठोरीका बासिन्दा पिउने पानीको लागि समय खर्चिएर नेपालको राईधारामा आइपुग्थे । पिउने पानीका लागि भारतीयहरू लाम लागेर दिनहुँ नेपालतर्फ आउने गरेको थाहा पाएपछि भारत सरकारले अहिले ठोरी सीमावर्ती भारतीयलाई घरघरमा शुद्ध र चीसो पिउने पानीको व्यवस्था गरिदिएको छ ।**

**ठोरी गापाको वडा नं १ देखि ५ सम्मका सबै वडामा प्राकृतिक मुहानको पहुँच छ । वडा नं १, ४ र ५ मा मुहान केही टाढा भएपनि पहुँच नभएको भने होइन । वडा नं २ र ३ मा स्थानीय मुहानबाट सिंचाइ नहरहरू बगेका छन् । पालिकाको क्षेत्रमा जताततै सिंचाइ बोरिङ सफल छ । अव्यवस्थित र अवैज्ञानिक किसिमले सिंचाइ बोरिङ जडान गरिएको भए तापनि यसपालिको खडेरीमा अन्यत्र पानी सुक्दा पनि यहाँका बोरिङहरूमा पानीको स्तर कम भएन । यसको मतलब यहाँ पिउने पानीको लागि पनि बोरिङ जडान भरपर्दो छ भन्ने हो । फेरि पनि ठोरीका अधिकांश क्षेत्रमा शुद्ध पिउने पानीको व्यवस्था छैन । टङ्कीबाट वितरण गरिएका केही टोलहरूबाहेक अधिकांश क्षेत्रमा जङ्गलस्थित मुहानमा इन्टेक बनाएर पाइप जडान गरी गाउँमा पानी वितरण गरिएका छन् । पञ्चायतकालको उत्तरार्द्धमा निर्मित उक्त खानेपानी योजनाबाट वितरित पानी शुद्ध र भरपर्दो छैन । जङ्गलस्थित पानीको पाइप हात्तीले भत्काउने, बँदेलले खन्नेलगायतका समस्या आइरहन्छन् । वडा नं ५ मा वितरण गरिएको खानेपानीको पाइप यसै साता हात्तीले भत्कायो । वर्षात्मा खोला खहरेले भत्काइरहन्छ ।**

**मुहानको इन्टेक खुल्ला छ, जङ्गली जनावर एवं पक्षीहरूको क्रिडास्थल यही हो । कतिपय अवस्थामा जङ्गली जनावर मरेर मुहान क्षेत्रमा सडिसकेका हुन्छन् । डढेलोको बेलामा खरानी पर्ने र बर्खाको बेला भेल, बाढीले आसपासका सडेगलेका फोहोर मुहानमा मिसाउने गर्छ । डीप बोरिङमार्फत खानेपानी योजना सञ्चालन गर्ने योजना नबनेको होइन । तीन दशक बितिसकेका निर्माणाधीन योजनाहरूसमेत बेवारिसे बनेका छन् । हिजो जिल्ला खानेपानी योजनामार्फत केन्द्र सरकारको अनुदानमा शुरू भएका योजनाहरू अब कसले स्वामित्व लिने र अगाडि बढाउने ? बेवारिसे बनेका छन् । सिंचाइको लागि जडान हुने डीप बोरिङ र पिउने पानीका लागि जडान हुने डीप बोरिङको मापदण्ड फरक छन् । सिंचाइ बोरिङ जडान भएपनि पिउने पानीको बोरिङतर्फ कुनै सरकारको ध्यान गएको छैन । यस कारण सिंचाइयोग्य पानी पिउन ठोरीका बासिन्दा बाध्य छन् ।**

# माइक्रोचिपको युद्धमा चीनको नयाँ चाल

# विश्वमा कस्तो असर पर्ला ?

अमेरिकासँगको चिप युद्धलाई तीव्रता दिँदै चीनले अब नयाँ निर्णय गरेको छ । चीनले सेमिकन्डक्टर उद्योगका लागि अति आवश्यक दुई वस्तुको निकासीमा प्रतिबन्ध लगाउने तयारी थालेको छ ।

नयाँ नियम अनुसार अब गैलियम र जर्मेनियम निर्यातका लागि विशेष लाइसेन्स लिनुपर्नेछ ।

यी रासायनिक तत्त्वहरूको प्रयोग चिप र सैन्य उपकरणहरूमा गरिन्छ ।

अमेरिकाले आफ्नो उन्नत माइक्रोप्रोसेसर टेक्नोलोजीमा पहुँच सीमित गरेको बेला चीनले यो कदम उठाएको हो ।

**चीन संसारकै सबैभन्दा ठूलो खेलाडी हो**

चीन हाल विश्वमा गैलियम र जर्मेनियमको आपूर्तिमा सबैभन्दा ठूलो खेलाडी हो ।

क्रिटिकल रॉ मैटेलियल्स अलायन्स (CRMA) को अनुसार चीनले विश्वमैं सबैभन्दा बढी करीब ८० प्रतिशत गैलियम र ६० प्रतिशत जर्मेनियमको उत्पादन गर्छ ।

यी रासायनिक तत्त्वहरूलाई 'माइनर मेटल्स' अर्थात् धेरै साना धातुहरू भनिन्छ । यी धातुहरू सामान्यतया प्रकृतिमा पाइँदैनन्, बरु एक प्रक्रिया अन्तर्गत अन्य धातुहरूबाट यी तत्त्वहरूलाई निकालिन्छ ।

अमेरिकाबाहेक जापान र नेदरल्यान्ड्सले पनि चीनलाई चिप प्रविधि निर्यातमा प्रतिबन्ध लगाएका छन् । जापान र नेदरल्यान्ड्स मुख्य चिप उपकरण निर्माता एएसएमएलका केन्द्र हुन् ।

लगानी फर्म बिएमओ क्यापिटल मार्केट्सका कोलिन ह्यामिल्टनले बिबिसीलाई भने, “चीनको घोषणा आकस्मिक होइन, तर नेदरल्यान्ड्सलगायत अन्य धेरै देशले पहिले नै चिनियाँ निर्यातमा प्रतिबन्ध लगाएका छन् ।”

उनी भन्छन्, “यो धेरै सरल छ कि यदि तपाईंले हामीलाई चिप्स दिनुहुन्न भने, हामी तपाईंलाई यी चिप्स बनाउनका लागि सामग्री दिँदैनौं ।”

**'संसाधन राष्ट्रवाद'लाई लिएर चिन्ता**

विश्वका दुई ठूला अर्थतन्त्रबीचको 'जस्तालाई तस्तै' नीतिले तथाकथित 'संसाधन राष्ट्रवाद'लाई लिएर चिन्ता बढाएको छ । 'संसाधन राष्ट्रवाद'मा सरकारहरूले महत्त्वपूर्ण वस्तुहरूलाई नियन्त्रणमा राख्छन्, ताकि उनीहरूले अन्य देशहरूमा आफ्नो प्रभाव पार्न सकून् ।

बर्मिंघम विश्वविद्यालयमा महत्त्वपूर्ण सामग्रीहरूका रिसर्च फेलो डा गेभिन हार्पर भन्छन्, “हामीले देखिरहेका छौं कि सरकारहरू वैश्वीकरणको नैरेटिभबाट टाढा हुँदैछन् ।”

“अन्तर्राष्ट्रिय बजारले कुनै सामानको आपूर्ति गर्छ यो विचार अब धेरै पुरानो भइसकेको छ । यदि तपाईंले यो तस्वीरलाई एक ठूलो क्यानभासमा हेर्नुभयो भने, पश्चिमी उद्योगहरूले अस्तित्वसम्बन्धी केही खतराको सामना गर्नुपर्ने हुन सक्छ ।”



एक अनुसन्धानकर्ता गैलियम आक्साइड वेफरलाई नियाल्दै ।


गैलियम आर्सेनाइड, गैलियम र आर्सेनिकको यौगिक हो, जुन उच्च आवृत्ति भएका कम्प्युटर चिप्समा प्रयोग गरिन्छ । साथै, एलइडी र सौर्य प्यानलहरूमा पनि प्रयोग गरिन्छ ।

सिआरएमएका अनुसार विश्वका थोरै कम्पनीहरूले मात्र इलेक्ट्रोनिक सामानहरूमा प्रयोग गर्न सकिने स्तरमा गैलियम आर्सेनाइड उत्पादन गर्छन् ।

**विश्वका दुई ठूला अर्थतन्त्रबीचको 'जस्तालाई तस्तै' नीतिले तथाकथित 'संसाधन राष्ट्रवाद'लाई लिएर चिन्ता बढाएको छ । 'संसाधन राष्ट्रवाद'मा सरकारहरूले महत्त्वपूर्ण वस्तुहरूलाई नियन्त्रणमा राख्छन्, ताकि उनीहरूले अन्य देशहरूमा आफ्नो प्रभाव पार्न सकून् ।**

जर्मेनियमको प्रयोग माइक्रोप्रोसेसर र सौर्य सेल बनाउन गरिन्छ । ह्यामिल्टन भन्छन् कि 'सेनाको लागि धेरै महत्त्वपूर्ण' 'भिजन गगल्स' बनाउन पनि यसको प्रयोग गरिन्छ ।

उनी भन्छन्, “क्षेत्रीय आपूर्तिको




लागि एक विकल्प पनि जरुर हुनुपर्छ । उच्च गुणस्तरका सेमिकन्डक्टरहरूको महत्त्वको विकल्प धेरै मुश्किल छ र त्यो पनि तब जब चीन हाबी हुन्छ । रिसाइक्लिङको लागि यसमाथि जोड शायद दिनुपर्छ ।”

**गैलियम र जर्मेनियमको लागि अमेरिकी कोशिश**

गत महीना पेन्टागनका प्रवक्ताले भने कि अमेरिकासँग जर्मेनियमको भण्डार छ तर गैलियमको भण्डार छैन ।

“रक्षा विभागले सूक्ष्म इलेक्ट्रोनिक्स र अन्तरिक्ष आपूर्ति शृङ्खलाको लागि धेरै आवश्यक गैलियम र जर्मेनियमलगायत महत्त्वपूर्ण तत्त्वहरूलाई क्षेत्रीयस्तरमा निकाल्ने कदम चालिरहेको छ,” प्रवक्ताले भने ।

जबकि चीनले निर्यातमा लगाएको प्रतिबन्धको लामो समयसम्म प्रभाव भने सीमित रहनेछ ।

पोलिटिकल रिस्क कन्सल्टेन्सी युरेशिया समूहको भनाइ छ कि चीन गैलियम र जर्मेनियमको प्रमुख निर्यातकर्ता हो तर कम्प्युटर चिप्स उत्पादनका लागि अत्यावश्यक महत्त्वपूर्ण सामग्रीहरूको विकल्प रहेको छ ।

समूहको भनाइ छ कि चीनको बाहिर पनि यसको खनन र उत्पादनको सुविधा मौजुद रहेको छ ।

युरेशिया समूहका अनुसार एक दशकभन्दा कम अवधिमा धेरै निर्यातकर्ता बढेका छन् र दुर्लभ खनिजहरूको आपूर्ति शृङ्खलामा चीनको प्रभुत्व ९८ प्रतिशतबाट घटेर ६३ प्रतिशतमा पुगेको छ ।

“गैलियम र जर्मेनियमका विकल्पहरूको विकास र उपयोगको हामी आशा गर्न सक्छौं । साथै यी वस्तुहरूको रिसाइक्लिङ गर्ने प्रयासहरू र तिनीहरूका विद्यमान विकल्पहरूको पनि पहिचान गर्न सकिन्छ,” चाइना कर्पोरेट अफेयर्स एन्ड युएस-चाइनाको लागि युरेशियाकी निर्देशक एना एस्टन भन्छिन् ।

उनी भन्छिन्, “चीनको प्रतिबन्ध



जर्मेनियमको एक टुक्रा ।

लगाउने हालैको निर्णय यसको परिणाम होइन, तर यो उसको बढ्दो माग, भूरणनीतिक प्रतिस्पर्धा र अविश्वासको परिणाम हो ।”

गत वर्ष अक्टोबरमा अमेरिकाले घोषणा गऱ्यो कि चीनलाई चिप निर्यात गर्ने ती कम्पनीहरूले इजाजतपत्र लिनुपर्छ, जसले अमेरिकी उपकरण वा सफ्टवेयर प्रयोग गर्छन्, चाहे ती कम्पनीहरू विश्वका जुनसुकै ठाउँमा कहीं पनि होस् ।

**अमेरिकामाथि चीनको आरोप**

चीनले धेरैपटक अमेरिकाले प्रविधिको क्षेत्रमा एकाधिकार स्थापित गरेको आरोप लगाएको छ । यी आरोपहरूको जडमा अमेरिकाद्वारा लगाइएको आयातलाई नियन्त्रण गर्ने नियमहरू हुन् ।

हालैका महीनाहरूमा चीनले अमेरिकी सेनासँग सम्बन्धित कम्पनीहरू, जस्तै एयरोस्पेस कम्पनी लकहिड मार्टिनमाथि प्रतिबन्धको घोषणा गरेको छ ।

यसैबीच, पश्चिमी शक्तिहरूले व्यापारमा चीनमाथिको निर्भरता घटाउनुपर्नेमा जोड दिइरहेका छन् । यो निर्भरता कच्चा पदार्थ र तयारी वस्तु दुवैमा घटाउनुपर्नेछ ।

तर त्यसो गर्न धेरै समय लाग्न सक्छ । विशेषगरी गैलियम र जर्मेनियम जस्ता धातुहरूको मामिलामा ।

यी सबै झमेलामा अस्ट्रेलिया र क्यानडा जस्ता खनिजहरूको मामिलामा धनी देश आफ्नोलागि अवसर खोजिरहेका छन् ।

अमेरिका र चीन जस्ता देशहरूलाई प्राकृतिक स्रोत र प्रविधिलाई हतियारको रूपमा प्रयोग नगर्न विज्ञहरूले चेतावनी दिँदै आएका छन् ।

डा हार्पर भन्छन्, “यो एक राष्ट्रिय समस्या होइन । यो समस्या सम्पूर्ण मानवजातिको हो । आशा छ कि नीति निर्धारकहरूले आफ्ना बहसहरूमा उत्कृष्ट विकल्पहरू समावेश गरून् ताकि यी खनिजहरूको सहाराले प्रदूषण गर्ने ऊर्जाबाट स्वच्छ ऊर्जामा जान सकौं ।”

जबकि ताजा निर्यात नियन्त्रणका असर उद्योग वा उपभोक्ताहरूको लागि त्यति विनाशकारी नहुने भएपनि यो ट्रेन्डबाट प्राप्त सङ्केतहरूमाथि ध्यान दिनुपर्ने विज्ञहरू बताउँछन् ।

डा हार्पर भन्छन्, “आम मानिसलाई गैलियम र जर्मेनियमबाट के फरक पर्छ र ? उनीहरूलाई त यसबारेमा केही पनि थाहा नहोला । तर एउटा कारको मूल्य र त्यो कार जुन ऊर्जाबाट चल्छ, त्यसमाथि हुने खर्चको अवश्य चिन्ता हुन्छ । धेरैपटक तपाईंहरूभन्दा धेरै टाढा यस्ता नीतिहरू बनाइन्छन्, जसको तपाईंहरूमाथि धेरै ठूलो असर पर्छ ।”

(लेखकः अन्नाबेल लियाङ्ग र निक मार्श, बिबिसी)

# भारी वर्षाको सम्भावना

काठमाडौं, १८ साउन/रासस

हाल देशमा मनसुनी वायुको प्रभावका कारण भारी वर्षाको सम्भावना रहेको छ । मनसुनको न्यून चापीय रेखा पश्चिमतिर सरदर स्थानभन्दा उत्तर र पूर्व आसपास अवस्थित रहेको छ ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार उक्त मौसमी प्रणालीको प्रभावले हाल देशभर आंशिकदेखि सामान्य बदली रही कोशी, बागमती र गण्डकी प्रदेशका एक दुई स्थानमा हल्का वर्षा भइरहेको छ ।

दिउँसो कोशी, बागमती, गण्डकी कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा साथै लुम्बिनी र मधेस प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको

(बाँकी पाँचौं पातामा)



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## दलालको दलदलमा आर्थिक विकास

नेपाली अर्थतन्त्रका बाह्य सूचक राम्रो भए पनि आन्तरिक सूचक समस्याग्रस्त बन्दै गएको छ । बाह्य सूचक भनेको देशमा विदेशी मुद्राको सञ्चिति आवश्यकता अनुसार हुनु हो । यो सकारात्मक अवस्था आउनु भनेको विदेशमा वस्तु तथा सेवा निर्यात गरेर होइन। विदेशी वस्तु र सेवा आयात गर्नु नपरेर बचेको पनि होइन । अदक्ष र सीपविहीन सस्तो श्रम विश्व बजारमा निर्यात गरेर आएको हो। अर्थात् नेपालले विश्व बजारमा अदक्ष र सीपविहीन सस्तो श्रमिक पठाउने गरेको छ । ठूलो सङ्ख्यामा श्रमिक निर्यात गरेपछि आउने विप्रेषण (रेमिट्यान्स) नै नेपालको विदेशी मुद्राको मुख्य आम्दानी बनेको छ। विश्व श्रम बजारमा सस्ता श्रमिक पठाउने वैध (अवैध एजेन्टको सञ्जाल गाउँगाउँ टोलटोलदेखि सिंहदरबारसम्म छ्यापछ्याप्ती देखिएको छ । एउटा श्रमिक विदेश पठाएबापत वैधानिक एजेन्टले पाउने वैधानिक कमिशन १० हजार रुपियाँ मात्र हो। तर फ्री भिसा, फ्री टिकटमा जानेले पनि लाखौं रकम दलाललाई बुझाउनुपर्छ। यो ओपन सेक्रेट जस्तै हो । यस्ता अवैध कर्म र अवैध एजेन्टबाट राज्यका वैध निकाय (राजनीतिक दल र त्यसका नेता, प्रहरी, कर्मचारी) सम्म कुनै न कुनै रूपमा कमिशन पुगेको हुन्छ ।

विदेशमा पढ्न पठाउने भनेर च्याउझैं खोलिएका शैक्षिक परामर्श सेवा केन्द्रले प्लस टु पास गरेका र अलिकति पैसाको जोहो गर्न सक्ने जति सबैलाई विदेशी विद्यालयमा पठाउने गरेका छन् । ती संस्थाहरूको सञ्जाल मुलुकभरि नै विस्तार भइसकेको छ । यस्ता कार्यले मुलुकलाई चाहिने दक्ष जनशक्तिको अभाव जहिले पनि खट्किरहेको हुन्छ । यसमा पनि अभिभावकले विनारसिद ठूलै पैसा एजेन्टलाई बुझाउनुपर्छ। यस्ता कामका लागि नेपालका विभिन्न सरकारी तथा निजी क्षेत्रका बैंक, सहकारी र वित्तीय संस्थाले ठूलै लगानी गरेका छन् । फलस्वरूप नेपाली अर्थतन्त्र निकै अप्ठ्यारोमा जान थालेको देखिन्छ। हाम्रो आर्थिक व्यवस्थापन अत्यन्त कमजोर भएको अवस्था छ । आर्थिक व्यवस्थापकहरूप्रति निजी क्षेत्रले विश्वास गर्न नसक्दा अर्थतन्त्रमा निराशा छाएको छ। उद्यमी, व्यवसायी र लगानीकर्ताको मनोबल गिरेको छ । व्यापारघाटा कहालीलाग्दो किसिमले बढेको छ। बढ्दो गरीबी, बेरोजगार, उच्च मुद्रास्फीति, भ्रष्टाचार, अनिश्चित रेमिट्यान्स, गिर्दो निर्यात, बढ्दो आयात, उच्च व्यापार घाटा, कमजोर उद्योग निर्माण क्षेत्र, कृषिको न्यून उत्पादकत्व र सीमित मुलुकसँगको उच्च निर्भरताले गर्दा दैनिक उपभोग्य वस्तुमा समेत आत्मनिर्भर हुन नसक्ने अवस्था छ। मुलुकमा उत्पादनको माहोल कमजोर बन्दा दलाली गरेर जीविका चलाउनेहरूको स्वर बलियो बन्दै गएको छ ।

अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**त्यसैले दलालीको दलदलबाट मुलुकलाई माथि नउठाएसम्म यहाँ उद्यम–विकास हुन सकस छ । मुलुकमा दिगो आर्थिक विकासका लागि नेपालले आफ्नै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरेभन्दा पनि उद्यमशीलताको भावना विकास गर्न सक्नुपर्छ ।**

विदेशमा अध्ययनका लागि जाने हुन् वा वैदेशिक रोजगारका लागि जाने हुन्, उनीहरूले मुलुकभित्र न उत्पादनको माहोल बनाउँछन् न सेवा विस्तारको । त्यसैले आत्मनिर्भर आर्थिक विकासका लागि नेपालले आफ्नै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरे भन्दा पनि उद्यमशीलताको भावना विकास गर्न सक्नुपर्छ । यसका लागि नयाँ पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने नीति राज्यले लिन सक्नुपर्दछ। विशेषगरी कृषिलाई उद्यम नबनाई नेपालमा उद्योगीकरण सम्भव छैन । तर कृषि क्षेत्रमा हरेक वर्ष मल र बीउको हाहाकार हुन्छ । करीब ७० प्रतिशत सिंचाइ आयोजना मौसमी खालका छन् अर्थात् ती आयोजनामा वर्षामा मात्रै पानी आउँछ। कृषिप्रधान मुलुक भनिए पनि यसको उत्पादकत्व दक्षिण एशियामैं न्यून छ। कुल आयातमा कृषिजन्य उत्पादनको हिस्सा २० प्रतिशत छ। माटो परीक्षण, बीउ, मल, सिंचाइ, अनुदान बजार सबैमा समस्या छ । कृषिको विस्तार आयात प्रतिस्थापनसँग पनि जोडिएको छ। विगत २० वर्षयता अर्थतन्त्रमा उत्पादनमूलक क्षेत्रको योगदान १५ प्रतिशतबाट घटेर ६ प्रतिशतमा झरेको छ। उत्पादनमूलक उद्योगको एउटा प्रमुख कारण भनेको नै कृषिजन्य उत्पादन अत्यन्त न्यून हुनु हो। नेपालमा ६० प्रतिशतभन्दा बढी मानिस कृषि क्षेत्रमा संलग्न भएकोले कृषिलाई नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा लिने गरिन्छ । तर प्रविधिको तीव्र विकासको आजको युगमा पनि हाम्रो कृषि क्षेत्र भने परम्परागत औजार, अदक्ष जनशक्ति र परम्परागत निर्वाहमुखी कृषिमैं आधारित छ। जसले गर्दा कृषि क्षेत्रले देशको अर्थतन्त्रमा गतिलो योगदान दिन सकिरहेको छैन।

नेपालमा जम्मा ३६ लाख ४१ हजार हेक्टर कृषियोग्य जमीन रहेको तथ्याङ्क छ। तीमध्ये १४ लाख ७३ हजार हेक्टर क्षेत्रफलमा मात्र सिंचाइ सुविधा पुगेको छ, जसले गर्दा आज पनि हाम्रो अधिकांश कृषि क्षेत्र अकासे पानीमैं निर्भर छ । देशमा नदीनालाको कमी छैन । तर, भएको स्रोतको अधिकतम उपयोग गरेर सिंचाइ सुविधा बनाउनेतर्फ राज्यको ध्यान गएको छैन । आधुनिक प्रविधिको प्रयोगबारे न किसान जागरुक छ, न सरकारले नै चासो दिएको छ। बालुवा नै बालुवा भएका अरब देश समृद्ध हुन सक्छ र ६० वर्ष अघिसम्म विश्वमैं सबैभन्दा बढी भोकमरीको सामना गरेको चीन विश्वको दोस्रो समृद्ध राष्ट्र बन्न सक्छ भने विकासका अपार सम्भावना बोकेको नेपाल किन समृद्ध बन्न सक्दैन ? युवा जनशक्तिमा कृषि पेशाप्रति विश्वास नै छैन। जसले गर्दा उनीहरू लाखौं खर्चेर खाडीमा पसिना बगाउन जान्छन्, राज्य पनि तिनलाई लखेट्न पाउँदा रमाउँछ र तिनीहरूले पठाएको रेमिट्यान्सको आधारमा राज्य चलाउँछ, तर यहींको खेतबारीमा युवा रमाउन सक्ने वातावरण सिर्जना गर्नेतर्फ सरकार कुनै चासो दिंदैन। फलस्वरूप हजारौं हेक्टर कृषियोग्य भूमि बाँझै छन् । कुनै बेला निर्यात गरिने कृषिजन्य उत्पादनको आयात आकाशिंदो छ । आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्छ भन्नेमा दुईमत छैन। तर हामी हरेक सामान आयात गरेर उपभोग गर्न थालेका छौं। आयातित वस्तुमध्ये कृषिजन्य उत्पादनको अंश पनि ठूलो देखिएपछि सरकारले प्रत्येक वर्ष कृषिमा आत्मनिर्भर हुने भन्दै विभिन्न कार्यक्रम ल्याएको देखिन्छ। यसका लागि अर्बौं रुपियाँ बजेट पनि विनियोजन गरिएको छ ।

किसानसँगै उद्योगी व्यवसायीलाई पनि उत्पादकत्व बढाउने नाममा विशेष किसिमको सहुलियत दिइँदै आएको छ। सरकारले निर्यात बढाउन पनि निर्यातयोग्य वस्तुको सम्भाव्य सूची तयार गरी सूचीमा पर्ने वस्तु उत्पादन र निर्यात गर्नेलाई प्रोत्साहनस्वरूप विभिन्न सुविधा दिंदै आएको छ । तर पनि सरकार विफल छ। काम गराइ र नतीजा ठीक उल्टो छ । त्यसैले आत्मनिर्भर आर्थिक विकासका लागि नेपालले आफ्नै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरेभन्दा पनि उद्यमशीलताको भावना विकास गर्न सक्नुपर्छ। यतिखेर मुलुकमा जग्गा किन्दा दलाल, बिजुली जोड्न अतिरिक्त पैसा, लाइसेन्स लिन अतिरिक्त पैसा, सहमति लिन स्थानीयवासीलाई खुशी पार्न पैसा, बाटो बनाउन पैसा, बाटो हिंड्न वा प्रयोग गर्न पैसा आदि। उद्योग चलाउनेले अरू धेरैजनालाई पाल्नुपर्छ र ती पालिनेले पाउने पैसा भनेको दलालीको हो, कामको पैसा होइन । त्यसैले विनासरोकारका दलाल पालेर उद्योग खोलेर जोखिम लिनुभन्दा पैसा हुनेले बैंकमा राखेर ब्याज खान रुचाउँछ । पैसा नहुनेले ऋण काढेर भएपनि उद्योग खोल्नुभन्दा विदेश जान मन पराउँछ । सरकारी खरीदमा दलालीको पैसा भुक्तान नगरेसम्म कसैको चेक काटिंदैन। चेक काटिहालेछन् भने रकम प्राप्त हुँदैन । सरकारले गर्ने विकास खर्च र सेवाको भुक्तानी असारमा नै गर्नु वा हुनुको मुख्य कारण दलालीको पैसा हो । निर्माण व्यवसाय देशको ठूलो उद्योग हो। यसले धेरै मानिसलाई रोजगार दिएको हुन्छ। तर, मुलुकको (तीनै तहका सरकारको) जति बजेट छुट्टिएको हुन्छ त्यसको ५० प्रतिशतको पनि वास्तविक काम हुँदैन। बाँकी सबै दलालले खान्छन् । कृषि उद्यमको हालत पनि उस्तै छ । कृषि उत्पादन बढाउन कृषि उद्यमीको आवश्यकता पर्छ। जोखिम मोलेर कृषि उद्यमी बन्न चाहनेको सबैभन्दा ठूलो समस्या भनेको बजार हो। कृषि पेशामा चाहिने ज्ञान, सीप र प्रविधिको कमी हो। स्थानीय सरकारले कृषि उद्यमीको सूची बनाउने, उत्पादित वस्तुको सूचना एकीकृत गर्ने र बजारसँग जोड्ने मात्रै काम गरे पनि कृषि उद्यमीका लागि महत्त्वपूर्ण उपलब्धि हुन्थ्यो होला ।

देशभित्र खुलेका चामल, तेल, पीठो, दाल उद्योग बन्द हुने र विदेशबाट यिनै वस्तु आयात गरेर भान्सा चलाउनुपर्ने अवस्था किन आउँछ भने उद्योगीले दलाल पाल्न नसकेर हो । दलाल पाल्दापाल्दै उत्पादन लागत बढी पर्ने र बजारमा उत्पादित वस्तुले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था आएको छ । कृषि बजारमा किसानले आफ्नो उत्पादन लगेर बेच्ने ठाउँ पाउँदैन । कृषि बजारका कोठा दलालले कब्जा गरेका छन्। किसानले न उत्पादन लगेर राख्न सक्छ न आफ्नो उत्पादनको सूचना लिएर क्रेता खोजिदिने काममा कसैको सहयोग नै प्राप्त हुन्छ । यस्तो अवस्थामा किसानले आफ्ना उत्पादन लागत मूल्यभन्दा कममा बेच्नुपर्ने बाध्यता छ। त्यसैले कृषि उद्यमी टिक्न सकेका छैनन् । उनको उत्पादनमा दलालको रजाइँ छ । त्यस्तै स्वास्थ्य क्षेत्रको दलाली एम्बुलेन्स ड्राइभरबाटै शुरू हुन्छ। कतिपय स्वास्थ्य केन्द्र र अस्पतालहरू उपचार गर्नुभन्दा महँगा अस्पतालमा 'रेफर' गर्न सहज मान्छन्। उपचार गरेर भन्दा 'रेफर' गरेर बढी कमाइ हुन्छ भने किन उपचार गर्ने ? सबैतिर दलालका लागि पैसा छुट्याउनुपर्ने भएपछि वस्तु र सेवा महँगो हुने नै भयो । प्रतिस्पर्धामा कोही टिक्नै नसक्ने अवस्था प्रतिदिन बन्दै गएको छ ।

गाउँदेखि केन्द्रसम्मका राजनीतिक कार्यकर्ताको पालिने स्रोत बन्ने गरेको छ, दलाली खर्च ।

त्यसैले दलालीको दलदलबाट मुलुकलाई माथि नउठाएसम्म यहाँ उद्यम–विकास हुन सकस छ । मुलुकमा दिगो आर्थिक विकासका लागि नेपालले आफ्नै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरेभन्दा पनि उद्यमशीलताको भावना विकास गर्न सक्नुपर्छ । बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि मुलुकमा लगानी भित्र्याउन र नयाँ पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने नीति राज्यले लिन सक्नुपर्दछ । यो कुनै एक निकायको एकल प्रयासले मात्रै पर्याप्त नहुने हुँदा यसका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच सहयोग, सहकार्य, समन्वय र साझेदारी हुनैपर्दछ । सबैको साझा प्रयास र मेहनत भयो भने मात्र दलाली अर्थतन्त्रको विकराल अवस्थाबाट मुलुकले मुक्ति पाउन सक्छ ।

## बढ्दै छ गलैंचा, कार्पेट, यार्सागुम्बादेखि अम्रिसो निर्यात

काठमाडौं, १८ साउन/रासस

गत आर्थिक वर्षमा नेपालको व्यापार घाटा साढे रु १४ अर्बभन्दा बढी छ । अर्थात् मुलुकमा निर्यातभन्दा आयातको मात्रा निकै ठूलो छ। व्यापार घाटा कम गर्नका लागि निर्यात बढाउनुको विकल्प छैन । सरकारले व्यवस्थित तवरले निर्यातजन्य वस्तु तथा सेवा उत्पादन र विस्तार गर्न सके उल्लेख्य मात्रामा विदेशी मुद्रा आर्जन गर्दै व्यापार घाटा कम गर्न सकिन्छ ।


तस्वीर: प्रतीक

यद्यपि नेपालले केही यस्ता वस्तुहरू छन्, जसको निर्यातबाट राम्रो आम्दानी गरिरहेको छ। जसमध्ये गलैंचा, अलैंची, अम्रिसो, कुकुर तथा बिरालाको खाना, यार्सागुम्बा पनि पर्छन्। जसको निर्यातबाट गत आवमा मुलुकले रु २४ अर्बभन्दा बढी आम्दानी गरेको छ ।

भन्सार विभागको तथ्याङ्क अनुसार पछिल्लो पाँच वर्षमा नेपालबाट रु ४१ अर्ब बढीको कार्पेट (गलैंचा) निर्यात भएको छ। गत आवमा २०७९/८० मा रु एक ११ अर्ब ५० करोड ६६ लाख २३ हजारको गलैंचा निर्यात भएको विभागको भनाइ छ ।


यहाँ उत्पादन हुने गलैंचा अमेरिका, जर्मनी, बेलायतलगायतका मुलुकमा निर्यात हुन्छ । ऊन तथा जनावरका रौंबाट बनेका यस्ता गलैंचाको माग विशेषगरी अमेरिका तथा युरोप नै हुन्। गत आवमा अमेरिकामा मात्रै रु सात अर्ब १८ करोड २५ लाख ६७ हजार बराबरको गलैंचा निर्यात भएको छ । साथै जर्मनीमा रु ८८ करोड ७० लाख २२ हजार, बेलायतमा रु ७८ करोड ७५ लाख ७६ हजार, इटलीमा रु ६१ करोड ४६ लाख ६२ हजार मूल्य बराबरको गलैंचा निर्यात भएको छ । साथै गत आवमा फ्रान्समा रु ३४ करोड २५ लाख ९२ हजार बराबरको गलैंचा निर्यात भएको छ ।

भन्सार विभागका अनुसार अघिल्लो आवमा कुल रु नौ अर्ब ५६ करोड ७७ लाख ३० हजार मूल्य बराबरको गलैंचा निर्यात भएको छ । त्यस्तै, आव २०७७/७८ मा रु सात अर्ब २४ करोड ४० लाख ५० हजार, आव २०७६/७७ मा रु छ अर्ब १५ करोड ७७ लाख छ हजारको तथा आव २०७५/७६ मा रु सात अर्ब ३६ करोड ९६ लाख ९५ हजारको गलैंचा विभिन्न देशमा निर्यात भएका छन् ।

### आठ अर्बको अलैंची निर्यात

विभागका अनुसार गत आवमा रु आठ अर्बभन्दा बढीको अलैंची निर्यात भएको छ। मुलुकको वैदेशिक व्यापारमा अलैंची निर्यातको मुख्य भूमिका छ। गत

(बाँकी चौथो पातामा)


**कोप्रे झरनामा रमाउँदै युवा** : म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीको दूधेखोलास्थित कोप्रे झरनामा रमाउँदै युवा । यो झरना तोराखेतको जङ्गलको बीच भाग हुँदै दूधेखोलामा झरेको छ । पहाडलाई खियाउँदै पत्थरको कुनाकुनामा झर्ने भएकाले यस झरनालाई कोप्रे झरना भनिएको हो । तस्वीर: रासस

## विश्व वातावरण सुविधाबापत रु २० करोड २२ लाख अनुदान स्वीकार्ने निर्णय

काठमाडौं, १८ साउन/रासस

नेपाल सरकारले दिगो भूव्यवस्थापनमार्फत लखनदेही नदी बेसिनका जलाधार पुनरुत्थान र जीविकोपार्जनमा सुधार परियोजनाका लागि विश्व वातावरण सुविधाबापत प्राप्त हुने रु २० करोड २२ लाख बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को यही साउन १६ गतेको बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा उक्त परियोजनाका लागि १५ लाख ५५ हजार ५०५ अमेरिकी डलर अनुदान स्वीकार गर्ने निर्णय गरेको हो ।

साथै खाद्य तथा पोषण सुधार कार्यक्रम दोस्रोका लागि विश्व बैंकबाट २० मिलियन अमेरिकी डलर (करीब रु दुई अर्ब ६२ अर्ब बराबर)को अनुदान सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिन नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको जानकारी दिए ।

यस्तै 'स्टेन्थेनिङ पब्लिक फाइनान्सियल म्यानेजमेन्ट एन्ड डेभलप्ड सर्भिस डेलिभरी' कार्यक्रम, उपकार्यक्रम एकका लागि एशियाली विकास बैंकबाट एक सय मिलियन अमेरिकी डलर (रु १३ अर्ब १३ करोड बराबर)को बजेटरी सहायताका रूपमा सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिने विषयमा नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय

(बाँकी पाँचौं पातामा)

# मधेस प्रदेशमा ५९ प्रतिशत मात्र धान रोपाइँ

धनुषा, १८ साउन/रासस

साउनको दोस्रो सातासम्म मधेस प्रदेशमा जम्मा ५८ दशमलव ८१ प्रतिशत रोपाइँ भएको छ। मधेस प्रदेशस्थित कृषि निर्देशनालयका अनुसार देशकै कृषि क्षेत्रका रूपमा चिनिने मधेस प्रदेशभित्र धान दिवस अर्थात् असार १५ गतेसम्म ११ प्रतिशत मात्र धान रोपाइँ भएको थियो।


तस्वीरः प्रतीक/फाइल

सामान्यतया रोपाइँ सम्पन्न भइसक्नुपर्ने समयमा आइपुग्दासमेत मधेसका आठ जिल्लामा समग्रमा लगभग ४१ प्रतिशत खेतमा रोपाइँ हुन नसकेको प्रदेश कृषि निर्देशनालयका निमित्त निर्देशक कमलदेव कुशवाहाले जानकारी दिए।

देशको कुल गार्हस्थ्य उत्पादनमा धानको उल्लेखनीय भूमिका रहेको छ। मधेस प्रदेशमा सबैभन्दा बढी धान नै उत्पादन हुँदै आएको थियो तर एक दशकयतादेखि उत्पादनमा कमी हुँदै आएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्क अनुसार देशको कुल धान उत्पादनको २० देखि २५ प्रतिशत उत्पादन मात्रै यस प्रदेशमा हुने गरेको छ।

प्रदेशका आठवटै जिल्लामा गरी कुल पाँच लाख ७४ हजार ३६० हेक्टर खेतीयोग्य जीमन रहेकामा चार लाख पाँच हजार ४५० हेक्टर क्षेत्रफल धान रोपाइँयोग्य जग्गा रहेको छ। अहिलेसम्म मात्र दुई लाख ३८ हजार ४४६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुन नसकेको प्रदेश कृषि निर्देशनालयका निमित्त निर्देशक कुशवाहाले जानकारी दिए।

यसपालि धनुषासहित मधेस प्रदेशको जिल्लामा लामो समयदेखि वर्षा नै नभएका कारण सिंचाइका लागि निर्मित नहरमा पानी नै आएको छैन। भूमिगत सिंचाइको वैकल्पिक व्यवस्था गरिएको क्षेत्रमा जसोतसो धान रोपाइँ भएपनि नहरबाट सिंचाइ हुने क्षेत्र साउनको दोस्रो साता बिते पनि सुक्खा छ।

यस प्रदेशमा साना तथा ठूला सिंचाइका स्रोतसमेतलाई आधार मान्ने हो भने तीन लाख ५७ हजार ७९३ हेक्टर क्षेत्रफलमा मात्र सिंचाइको व्यवस्था रहेको कृषि निर्देशनालयले जनाएको छ। खडेरीले यस वर्ष मधेस प्रदेशमै धानखेती प्रभावित भएको छ। अधिकांश खेत सिंचाइको अभावमा बाँझै छ भने रोपाइँ भइसकेको खेत पनि सुकेर चिरा पर्न थालेको छ।

बोरिङमा विद्युतीय मोटर जडान गरी रोपाइँ भएको खेतमा पनि पर्याप्त पानी नपुगेर बाली सप्रिन नसकेको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–४ का किसान दिपो यादवले दुःखेसो गरे। "पाँच बिघा धानखेती गर्ने तयारी थियो, दुई बिघामा मोटरले पानी लगाएर रोपाइँ त गरें, तर खेतमा पानी जमिरहन सक्ने अवस्था छैन, बाँकी दुई बिघामा कहिलेसम्म रोपाइँ गर्ने हो भन्ने ठेगानै छैन," धनुषाको धनुषाधाम नगरपालिकाका किसान फुलगेन महतोले भने।

प्रदेश कृषि निर्देशनालयको तथ्याङ्क अनुसार मधेस प्रदेशमै सबैभन्दा बढी रोपाइँ सप्तरीमा भएको छ। सप्तरीमा ८४ प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ भने धनुषामा जम्मा २७ प्रतिशत रोपाइँ भएको कृषि निर्देशनालयका निमित्त निर्देशक कुशवाहाले जानकारी दिए।

कुशवाहाका अनुसार बारामा ७५, रौतहटमा ७०, महोत्तरीमा ६० र पर्सामा ५५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। सर्लाही र सिराहामा ५० प्रतिशत रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ। धान उत्पादनको दृष्टिकोणले मधेसको सबैभन्दा बढी धान फल्ने जिल्लाको रूपमा धनुषा चिनिन्छ।

प्रदेश कृषि निर्देशनालयको रेकर्ड अनुसार सबैभन्दा बढी धनुषा र सबैभन्दा कम रौतहटमा धान उत्पादन हुने गरेको छ। धनुषामा दुई लाख ५१ हजार १८६ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरेको छ। रौतहटमा एक लाख ३४ हजार ७६० मेट्रिक टन, बारामा दुई लाख ४८ हजार ६६३ मेट्रिक टन, पर्सामा एक लाख ९१ हजार ९२५ मेट्रिक टन, सप्तरीमा एक लाख ८३ हजार ८८८ मेट्रिक टन, सर्लाहीमा एक लाख ७३ हजार ६१८ मेट्रिक टन, सिराहामा एक लाख ७२ हजार १७६ मेट्रिक टन र महोत्तरीमा एक लाख ३८ हजार ८२९ मेट्रिक टन धान उत्पादन हुने अनुमान निर्देशनालयको छ।


**बिहेको गाडी भारत लान रोक** : महोत्तरी जिल्लाको मूल भन्सार नाका भिठ्ठामोडबाट भारतीय पक्षले नेपाली चारपाङ्ग्रे बिहेको गाडीलाई नेपालबाट भारत जानबाट रोक लगाएको अवस्था। उनीहरूले नेपाली गाडीलाई भारत जानका लागि इजाजतपत्र माग गरिरहेका छन्। जुन इजाजतपत्र भारतीय महावाणिज्य दूतावास वीरगंज र काठमाडौंबाट मात्रै दिइन्छ। तस्वीरः रासस

## बढ्दै छ गलैंचा, कार्पेट, ...

आवमा रु आठ अर्ब २७ करोड ६५ लाख ९७ हजार मूल्य बराबरको अलैंची मुलुकबाट निर्यात भएको छ। जुन अघिल्लो आवमा रु चार अर्ब ८१ करोड ३४ लाख ६५ हजार थियो।

विभागका अनुसार आव २०७७/७८ मा रु सात अर्ब एक करोड आठ लाख २९ हजार, आव २०७६/७७ मा रु दुई अर्ब ५३ करोड ९५ लाख ९५ हजार तथा आव २०७५/७६ मा रु दुई अर्ब ७१ करोड ४९ लाख ४२ हजार बराबरको अलैंची निर्यात भएको छ। नेपालबाट भारत, पाकिस्तान, इटली तथा जर्मनीलगायत मुलुकमा अलैंची निर्यात हुने गरेको छ।

### कुकुर तथा बिरालाको खानाको निर्यात बढ्दो

पछिल्लो केही वर्षयता नेपालबाट निर्यात हुने वस्तुमा कुकुर तथा बिरालाको खानासमेत पर्दै गएको छ। विगत पाँच वर्षमा मात्रै मुलुकबाट रु १० अर्बको यस्ता वस्तु निर्यात भएको विवरण भन्सार विभागले सार्वजनिक गरेको छ।

गत आवमा मात्रै रु तीन अर्ब ४० करोड ९० लाख ७३ हजार मूल्य बराबरका यस्ता वस्तु मुलुकबाट बाहिरिएको विभागले सार्वजनिक विवरणमा उल्लेख छ। गत आवमा रु दुई अर्ब ९६ करोड ७६ लाखका यस्ता वस्तु अमेरिका निर्यात भएको थियो। त्यस्तै, रु २९ करोड ४२ लाख ३५ हजारको क्यानडा, रु तीन करोड ९३ लाख ५६ हजार बराबरको जापान निर्यात भएको सार्वजनिक विवरणमा उल्लेख छ।

नेपालले अघिल्लो आवमा रु दुई अर्ब ९१ करोड १९ लाख ३९ हजारको कुकुर तथा बिरालाका लागि बनेका यस्ता खानेकुरा निर्यात गरेको छ। त्यस्तै, आव २०७७/७८ मा रु एक अर्ब ९६ करोड ५० लाख ४६ हजार, आव २०७६/७७ मा रु एक अर्ब २२ करोड ८३ लाख ५६ हजार तथा आव २०७५/७६ मा रु एक अर्ब पाँच करोड २८ लाख ७६ हजारका यस्ता वस्तु मुलुकबाट निर्यात भएको विवरणमा उल्लेख छ।

### पाँच वर्षमा रु तीन अर्बको अम्रिसो निर्यात

नेपालबाट निर्यात हुने वस्तुमा अम्रिसो पनि पर्छ। विभागका अनुसार पछिल्लो पाँच वर्षमा अम्रिसो निर्यातबाट रु तीन अर्ब ३३ करोड छ लाख ९२ हजार आम्दानी भएको छ। गत आवमा रु एक अर्ब ८८ लाखको अम्रिसो भारत निर्यात भएको छ। नेपालबाट निर्यात हुने अम्रिसोको मुख्य गन्तव्य भारत हो।

विभागको विवरण अनुसार अघिल्लो आवमा रु ६९ करोड ९८ लाख ६२ हजारको अम्रिसो नियात भएको छ। त्यस्तै, आव २०७७/७८ मा रु ६५ करोड ८८ लाख १३ हजारको, आव २०७६/७७ मा रु ५५ कराड ७४ लाख ७८ हजार तथा आव २०७५/७६ मा रु ४० करोड ५७ लाख ३९ हजारको अम्रिसो मुलुकबाट निर्यात भएको छ।

### एक वर्षमा रु ४४ करोडको यार्सागुम्बा निर्यात

विभागका अनुसार गत आवमा रु ४४ करोड ३१ लाखको यार्सागुम्बा निर्यात भएको छ। नेपालको उच्च हिमाली क्षेत्रमा पाइने जडीबुटी यार्सागुम्बाको निर्यात पछिल्ला पाँच वर्षयताकै उच्च हो।

अघिल्लो आवमा रु ३० करोड ९२ लाख ३३ हजारको यार्सागुम्बा निर्यात भएको थियो। त्यस्तै, आव २०७७/७८ मा रु १५ करोड ७६ लाख २५ हजारको, आव २०७६/७७ मा रु २० करोड २२ लाख ३५ हजारको तथा आव २०७५/७६ मा रु १७ करोड ९४ लाख आठ हजारको यार्सागुम्बा निर्यात भएको छ। विभागका अनुसार नेपालबाट यार्सागुम्बा मुख्य निर्यात हुने मुलुकमा हङकङ, कम्बोडिया, मलेशिया, सिङ्गापुर, भियतनाम, अमेरिकालगायतका राष्ट्र पर्छन्।

# सुन तस्करी छानबीन गर्न उच्चस्तरीय समिति आवश्यक छैन –मन्त्री शर्मा

काठमाडौं, १८ साउन/रासस

सरकारले सुन तस्करीमाथिको छानबीन भइरहेकाले सोका लागि उच्चस्तरीय समिति आवश्यक नरहेको स्पष्ट पारेको छ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बिहीवार आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री रेखा शर्माले सो सम्बन्धमा राजस्व अनुसन्धान विभागबाट छानबीन भइरहेकाले उच्चस्तरीय समिति आवश्यक नभएको स्पष्ट पारिन्।

"त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैधरूपमा ल्याइएको करिब एक सय किलो सुन पक्राउ गरिएको विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतको राजस्व अनुसन्धान विभागबाट प्रभावकारी छानबीन भइरहेकाले उच्चस्तरीय समिति आवश्यक छैन," मन्त्री शर्माले भनिन्।

"अहिले विभागबाट प्रभावकारी छानबीन भइरहेको छ। सरकार यस घटनाको 'रुट कज'मा पुग्न लागिरहेको छ। सो विषयमा उच्चस्तरीय छानबीनको आवश्यकता सरकारले देखेको छैन," विगतमा पनि सुन तस्करीको अनुसन्धान गर्न समिति गठन नभएको दृष्टान्त प्रस्तुत गर्दै मन्त्री शर्माले भनिन्।

उनले विभागले गरिरहेको अनुसन्धानलाई निष्कर्षमा पुग्न दिन आग्रह गरिन्। "विभागले गरेको छानबीनमा विश्वास गरौं। यदि छानबीनमा गडबड हुने थियो भने सुन पक्राउ पर्ने नै थिएन," उनले भनिन्, "अनुसन्धानका क्रममा केही व्यक्ति पक्राउ परिसकेका छन् र अनुसन्धान जारी छ। छानबीनकै क्रममा पछि आवश्यकता परेमा त्यस्ता समिति गठन गर्न पनि सकिन्छ तर अहिले आवश्यक छैन र त्यसरी समिति बनाउँदा अहिले भइरहेको छानबीन प्रभावित हुन पनि सक्छ।"

सोही प्रकरणलाई लिएर प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले उच्चस्तरीय छानबीन समितिको माग गर्दै सङ्घीय संसद्मा गरिरहेको अवरोध हटाउने विषयमा समेत कुराकानी भइरहेको उल्लेख गर्दै उनले छिट्टै सदनमा देखिएको अवरोध हट्नेमा विश्वास व्यक्त गरिन्।

विभागले यही साउन ३ गते विमानस्थल भन्सारबाट बाहिरिएको अवस्थामा झन्डै एक सय किलो सुन बरामद गरेको थियो। विभागले सो प्रकरणमा संलग्न भएको आशङ्कामा १८ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ।



सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा बिहीवार मन्त्रिपरिषद्का निर्णयहरू पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै। तस्वीर : रासस


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**


# नेपालमा बन्यो एनिमेटेड चलचित्र 'सलिना : योद्धा राजकुमारी'

काठमाडौं, १८ साउन/रासस

नेपालमा एनिमेटेड चलचित्र बनेको छ। 'सलिना : योद्धा राजकुमारी' नाम दिइएको चलचित्रको केही झलकसमेत सार्वजनिक गरिएको छ।

राजकुमारी र राक्षसनीबीचको लडाइँको लोककथामा आधारित चलचित्र निर्माण हुन छ वर्ष लागेको सम्पादक शिव पुरीले जानकारी दिए।

"यो हाम्रोलागि नयाँ प्रयास पनि हो, यस्ता चलचित्रको भविष्य के कस्तो छ भन्ने यसले निर्धारण गर्नेछ," सम्पादक पुरीले भने।

रेनमेकर एनिमेशन र भिजुअल इफेक्ट एकेडेमीले संयुक्तरूपमा तयार पाएको चलचित्रलाई तेजशराज जोशीले निर्देशन गरेका छन्।

सम्पादक पुरीसँगै श्रुति श्रेष्ठले सम्पादन गरेको चलचित्रमा सगिन महर्जन, अविनाशसिंह थारू र शिरभा मानन्धर ग्राफिक्स कलाकार हुन्। कृष्मा राजकर्णिकार, लजिना श्रेष्ठ, बेनिशा खतिवडा, अदीति ज्ञवाली, एन्जे कुइँकेल, झरना राई, तेजशराज जोशी, सुशील नेपाल, देव न्यौपाने, युविन पुजारी, जुना थापा, कुमार न्यौपानेलगायतले स्वराङ्कन गरेको चलचित्रलाई निर्देशक जोशी र सम्पादक श्रेष्ठले निर्माण गरेका हुन्।


तस्वीरः सौजन्य

# अन्तर्राष्ट्रिय समाचार

## रूससँगको संयुक्त लगानीमा भारतमा विद्युतीय रेल बनाइँदै

मस्को, १८ साउन/एएनआई

भारत र रूसबीच १२० वटा विद्युतीय रेल उत्पादन गर्ने संयुक्त लगानीको कम्पनी भारतमा स्थापना गर्ने सम्झौता भएको छ।

लामो दूरीमा सञ्चालन हुने १२० वटा रेल बनाउन रूसको सबैभन्दा ठूलो रेल निर्माता कम्पनी ट्रान्सम्यासहोल्डिङ र भारतीय कम्पनी रेल विकास निगम लिमिटेड (आरभिएनएल)बीच सम्झौता भएको हो।

यात्रीलाई सुत्ने सुविधाका साथ निर्माण गरिने एउटा रेलको मूल्य एक अर्ब ४० करोड पर्नेछ। 'बन्दे भारत' नामका ती रेलका अधिकांश डिब्बामा वातानुकूलन प्रणाली पनि जडान हुनेछन्। दुवै समूहले लगानी गर्ने कम्पनीको नाम किनेट रेलवे सोलुसन्स लिमिटेड हुनेछ। कम्पनीमा आरभिएनएलको २५ प्रतिशत लगानी हुने रूसी समाचारपत्र कमर्सन्टले जनाएको छ।

महाराष्ट्रको लातुरामा कम्पनी स्थापना गरेर निर्माण प्रारम्भ गरिनेछ। सम्झौता अनुसार अबको पाँच वर्षभित्रमा रेल बनाइसक्नुपर्नेछ। उक्त कम्पनीले नै ३५ वर्षसम्म कारखानाका उपकरण तथा रेलको मर्मत सम्भार गर्नेछ।

उलान–उडे लोकोमोटिभ प्लान्टको भ्रमणका क्रममा ट्रान्समासहोल्डिङका महानिर्देशक किरिल लिपालाई रूसी प्रधानमन्त्री मिखाइल मिशुस्टिनले सम्झौताबारे जानकारी दिएका हुन्।

ट्रान्समासहोल्डिङका महानिर्देशक भारतीय रेलवेका सहकर्मीसँग मिलेर परियोजनाको अर्को चरणको काम शीघ्र प्रारम्भ गरिनेछ।

ट्रान्समासहोल्डिङ आधुनिक रेल निर्माणमा ख्यातिप्राप्त कम्पनी हो, जसले विश्वका ३० देशमा रेल डिजाइन, इन्जिन र अन्य उपकरण निर्माण तथा आपूर्ति गर्दै आएको छ। रासस


तस्वीरः एएनआई

## भदौ ३० मा राष्ट्रिय युवा विज्ञान सम्मेलन

काठमाडौं, १८ साउन/रासस

नेपालमा रहेर विज्ञानका क्षेत्रमा काम गर्ने तथा विज्ञानमा लगाव राख्ने १३ देखि २५ वर्ष उमेर समूहका युवा तथा बालबालिकालाई लक्षित गरी आगामी भदौ ३० गते राष्ट्रिय युवा विज्ञान सम्मेलन आयोजना गरिने भएको छ।

कार्यक्रममा सहभागी हुन चाहनेलाई आवेदन दिन नेपाल एस्ट्रोनोमिकल सोसाइटीले सार्वजनिक आह्वान गरेको छ।

सम्मेलनमा सहभागी हुन आवेदन दिने युवा तथा बालबालिकालाई कार्यक्रम अघि नै दूर शिक्षा विधिबाट वैज्ञानिक अनुसन्धान पत्रको अवधारणा लेखन तथा प्रस्तुतीकरणसम्बन्धी कार्यशालासमेत सञ्चालन गरिने सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिए।

यस वर्ष सम्मेलनको विषयवस्तु 'भविष्यका लागि सिकाइ' रहेको छ। यसैसँग सम्बन्धित रहेर सहभागीले सम्मेलनमा आफूले गरेका वैज्ञानिक कार्य वा तयार पारेका वैज्ञानिक अवधारणा वा योजना प्रस्तुत गर्नेछन्। सम्मेलनमा सहभागीले वैज्ञानिक मञ्च, चिनजान तथा सञ्जालको अवसर प्राप्त गर्नेछन्।



सम्मेलनमा उत्कृष्ट प्रस्तुतीकरण गर्ने सहभागीलाई अन्तर्राष्ट्रिय कार्यक्रममा संलग्न हुने अवसरसमेत प्रदान गरिने उनले बताए।

## सहकारीपीडितको आन्दोलन स्थगन

काठमाडौं, १८ साउन/रासस

सरकार र सहकारीपीडितबीच सात बुँदे सम्झौता भएको छ। दुवै पक्षबीच भएको सम्झौता अनुसार सहकारी संस्थाका बचतकर्ता सदस्यहरूले माइतीघरमण्डलामा जारी राखेका अनसन/धर्ना बिहीवारदेखि स्थगन गरेका छन्।

सिंहदरबारमा भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री रञ्जीता श्रेष्ठ, सचिव गोकर्णमणि दुवाडी, सहकारी विभागका रजिस्ट्रार नवराज घिमिरे र पीडितबीच आज छलफल भएको थियो। छलफलबाट सहकारी संस्थाका बचतकर्ताहरूको बचत फिर्तालाई सुरक्षा प्रदान गर्न तत्काल बचत तथा कर्जा सुरक्षण कोष स्थापनाका लागि मन्त्रालयले प्रक्रिया अगाडि बढाउने सहमति भएको सहकारी विभागका सूचना अधिकारी टोलराज उपाध्यायले जानकारी दिए।

"सहकारी संस्थाबाट भएको कर्जा असुली प्रक्रियालाई छिटो–छरितो र प्रभावकारी बनाउन कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधीकरणको स्थापना गर्न मन्त्रालयले तत्काल प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ। सहकारी क्षेत्र सुधार सुझाव कार्यदलमा अनसन/धर्नामा रहेका सहकारी संस्थाका बचतकर्ताहरूको समेत प्रतिनिधित्व गराउन धेरैमा तीनजनासम्म प्रतिनिधि आमन्त्रित सदस्यका रूपमा समावेश गर्ने सहमति भएको छ," उनले भने।

यस्तै, सहकारी क्षेत्रको सुधार गर्न विद्यमान कानूनी व्यवस्थाभित्र तत्काल सुधार गर्न सकिने र कानून संशोधन गर्नुपर्ने भए त्यस्तो विषयमा समेत तत्काल मन्त्रालय, सहकारी विभाग र समस्याग्रस्त व्यवस्थापन समितिबाट आवश्यक गृहकार्य अघि बढाउने सहमति भएको छ।

सहकारीपीडित बचतकर्ताहरू माइतीघरमण्डलामा दुई महीनादेखि अनसन/धर्नामा बस्दै आएका थिए। सहमति अनुसार ओरियन्टललगायत समस्याग्रस्त घोषित सहकारी संस्थाको तर्फबाट बचतकर्ताहरूलाई रकम फिर्ता गर्दा स्पष्ट कार्ययोजना बनाइ कार्यान्वयन गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिसँग मन्त्रालयले समन्वय गर्ने निर्णय भएको छ।

## राप्रपामा नेता बन्न खुला आवेदन माग

काठमाडौं, १८ साउन/रासस

राष्ट्रिय प्रजातन्त्र पार्टीले ४० वर्षमुनिका क्षमतावान युवालाई नेतृत्व तहमा लैजाने भएको छ।

नवीन राप्रपा अवधारणा अन्तर्गत पार्टीलाई युवामैत्री बनाउन २० केन्द्रीय सदस्य पदका लागि देशभरबाट खुला आवेदन माग गरिएको छ।

त्यसरी सदस्य बन्न चाहने उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण तथा कार्ययोजना आगामी भदौ पहिलो सातासम्म केन्द्रमा पठाउनुपर्नेछ।

कार्ययोजना दिएका उम्मेदवारमध्ये भूगोल, जनसङ्ख्या, पार्टीको प्रभाव क्षेत्र विस्तारको सम्भावना र नेतृत्व विकासका सम्भावनाको आधारमा न्यूनतम ५० प्रतिशत महिलासहित २० जनालाई केन्द्रीय सदस्य मनोनयन गरिने केन्द्रीय सदस्य सरस्वती अधिकारीले जानकारी दिइन्।

पार्टीमा रहेका तथा पार्टी बाहिर रहेका नेपाली नागरिकले प्रतिस्पर्धाबाट छनोट भएपछि पार्टीको नीति, सिद्धान्त, एजेन्डा र उद्देश्यप्रति प्रतिबद्ध रही सक्रिय राजनीति गर्नुपर्ने व्यवस्था गरिएको छ।

सूचना प्रविधि र सामाजिक सञ्जाल परिचालनमा दक्ष, बहुभाषाको ज्ञान भएको, प्रत्यक्ष निर्वाचनमा पार्टीको उम्मेदवार बन्न सक्ने क्षमतावान उम्मेदवारलाई उनीहरूको कार्ययोजनाका आधारमा छनोट गरिने जनाइएको छ।

## रियो दि जेनेरियोमा भएको आक्रमणमा नौजनाको मृत्यु

ब्रजीलिया, १८ साउन/एएनआई

रियो दि जेनेरियो शहर आसपास प्रहरीले गरेको आक्रमणमा कम्तीमा नौ व्यक्तिको मृत्यु भएको अल जजीराले जनाएको छ।

भर्खरैका हिंसात्मक घटनाहरूका कारण कम्प्लेक्सो दा पेन्हामा आपराधिक समूहहरूलाई लक्षित गर्दै प्रहरी कारबाही तीव्र पारिएको हो।

ब्रजीलमा पछिल्ला दिनहरूमा यस्ता कारबाहीलाई राजनीतिक समर्थनसहित तीव्रता दिइएको छ। यद्यपि यस किसिमका कारबाहीमा प्रहरीले व्यापक बल प्रयोग गरेको भन्दै आलोचना पनि भएको छ।

अल जजीराका अनुसार ब्रजीलका पूर्व राष्ट्रपति जैर बोल्सोनारोले – प्रहरी शक्तिको दुरुपयोग भएकोबारे व्यक्त चिन्तालाई अस्वीकार गर्दै भनेका छन्– अपराधीहरू 'साङ्लो जस्तै मर्नुपर्छ'।

उनले ब्रजीलमा 'बुलेट लबी' लाई दृढतापूर्वक समर्थनसमेत गरेका छन्। यहाँ यो शब्दावली राजनीतिक शक्ति वर्णन गर्न प्रयोग गरिन्छ जसको आशय बन्दूक, अपराध विरोधी कानून, र कानून प्रवर्तनमा बढेको पहुँचको पक्षमा एकजुट हुनुलाई बुझिन्छ। रासस



तस्वीरः एपी

## भूमिसुधार तथा मालपोत कार्यालय, बारा, कलैयाको ३0 दिने सूचना

यसमा वादी जिल्ला बारा गाविस गडहल वडा नं ६ हाल बारागढी गापा वडा नं ६ मा बस्ने शुभमकुमार साह प्रतिवादी गाविस सिंहासनी वडा नं २ मा बस्ने दशई खाँ थारू भएको जग्गा बाँडफाँड मुद्दामा जग्गाधनी शुभमकुमार साहको नाममा दर्ता कायम रहेको जिल्ला बारा गाविस वडा नं २ कि.नं. २०८ को ज.वि. ०-४-० जग्गामध्ये उत्तरतर्फबाट आधी जग्गाधनीलाई र दक्षिणतर्फबाट आधी मोहीलाई हुनेगरी बाँडफाँड गरी पाउँ मागदाबी भएकोमा प्रतिवादीका नाउँमा म्याद जारी हुँदा म्याद बुझ्न नमानेकोले म्याद फिर्ता भएकोमा यो ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्यादभित्रमा आफूसँग भएको प्रमाण लिई यस कार्यालयमा हाजिर हुन आउनुहोला। म्यादभित्रमा प्रतिवाद गर्न नआएमा कानूनबमोजिम बाँडफाँड भई मोही लगत कट्टा भइजानेछ, पछि उजूरी लाग्नेछैन।

### विश्व वातावरण सुविधाबापत ...

भएको छ।

यस्तै, नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाको पश्चिम खण्डको पहिरो रोकथाम गर्न बनाइने पक्की संरचनाका लागि धादिङको साबिक नौबीसे गाविस–४ को ४२१ दशमलव ९६ वर्गमिटर जग्गाप्राप्ति गर्न स्वीकृति गर्ने र कमला–ढल्केबर–पथलैया सडकखण्ड स्तरोन्नतिका लागि सडक सीमाभित्र पर्ने घरटहरालगायतका संरचना प्राप्त गरी क्षतिपूर्ति दिई हटाउन स्वीकृति दिने निर्णय भएको छ। बैठकले काठमाडौं–तराई/मधेस द्रुतमार्ग सडक आयोजना अन्तर्गत ललितपुरको खोकना इलाकाको जग्गा प्तिसम्बन्धी समस्या समाधान गर्न मन्त्रिपरिषद्को गत वैशाख ५ गते उपप्रधानमन्त्री एवं रक्षामन्त्रीको संयोजकत्वको समितिको अवधि तीन महीना थप गर्ने निर्णय गरेको छ।

नेपाल विद्युत् प्राधिकरणलाई मातातीर्थ–माल्टा ३३ केभी प्रसारणलाइन आयोजनाको टावरप्याड र राइट अफ वे निर्माणका लागि काठमाडौं, ललितपुर र मकवानपुरमा रहेको राष्ट्रिय वन र वन क्षेत्रको कुल २४ दशमलव ६७ हेक्टर जग्गा २० वर्षसम्म प्रयोग गर्न दिने पनि निर्णय भएको छ।

### भारी वर्षा ...

सम्भावना रहेको छ।

बागमती र गण्डकी प्रदेशका एक–दुई स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ। कोशी प्रदेशको तराई भूभाग र मधेस प्रदेशका थोरै स्थानमा हावाहुरीको पनि सम्भावना रहेको छ।

रातिको समयमा पनि कोशी, बागमती, गण्डकी, कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा तथा बाँकी प्रदेशका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। गण्डकी प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ।

## चीनद्वारा फेंग्युन–३ स्याटेलाइट प्रक्षेपण

जिउक्वान, १८ साउन/सिन्हवा

चीनले बिहीवार जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट एउटा भूउपग्रह अन्तरिक्षमा प्रक्षेपण गरेको छ।

फेंग्युन–३ ०६ स्याटेलाइट प्रक्षेपण उपग्रह लङ मार्च–४ सी वाहक रकेटद्वारा बिहान ११ :४७ मा (बेइजिङ समय) मा प्रक्षेपण गरिएको हो। सो उपग्रह सफलतापूर्वक योजनाबद्ध कक्षमा प्रवेश गरेको पनि बताइएको छ। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | मनोरञ्जन | वृष | सफलता |
| मिथुन | अस्वस्थता | कर्कट | वादविवाद |
| सिंह | व्यापारवृद्धि | कन्या | शत्रुभय |
| तुला | कार्यनाश | वृश्चिक | भयचिन्ता |
| धनु | मित्रमिलन | मकर | कान्तिक्षय |
| कुम्भ | सुयश | मीन | खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

ग्लोबल आइएमई बैंक लिमिटेडका
कार्यालयहरु स्थानान्तरण हूने सम्बन्धी जरुरी सुचना

ग्लोवल आइएमई वैंक लिमिटेड र साविकको वैंक अफ काठमाण्डु लिमिटेड मर्जर भए पश्चात एकै स्थानमा सञ्चालनमा रहेको निम्नानुसारका शाखा कार्यालयहरु समायोजन र स्थानान्तरण भई मिति २०८० श्रावण २१ देखि एकिकृत रुपमा सञ्चालन हुने भएको हुँदा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै साविकका शाखा कार्यालयमा रहेका ग्राहक महानुभावका खाताहरु स्थानान्तरण भएको शाखा कार्यालयमा स्थानान्तरण गरी सेवा सुचारु र हने व्यहोरा समेत जानकारी गराउंदछौं।

| साविकको शाखा | साविक शाखाको ठेगाना | गाभिए पश्चात संचालनमा रहने शाखा | हालको शाखाको ठेगाना | हालको शाखा कार्यालयवाट दूरी | गाभिएर एकिकृत कारोवार हुने मिति |
|---|---|---|---|---|---|
| आर्दशनगर चौक, वीरगंज शाखा | आर्दशनगर चौक १०, वीरगंज | वीरगंज शाखा | वीरगंज १० पुरानो वस पार्क नजिक | ५०० मि. | २०८०/०४/२१ |

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

# कोल्हवी र आसपासका चेरवन्त क्षेत्रमा पानीको अभाव

प्रस, निजगढ, १८ साउन/

बाराको कोल्हवी नगरपालिकाका विभिन्न वडाहरू र आसपासका चेरवन्त क्षेत्रमा पानीको चरम अभाव भएपछि स्थानीयहरूले मिलेर बकैया खोलाबाट एक सातायतादेखि कुलो खनेर सिंचाइको जोहो गरेका छन्।



अन्नबालीका लागि पानी अभाव भएसँगै चुरेबाट बग्ने निजगढस्थित बकैया पुलनजीकको खोलाबाट कुलो खनेर कोल्हवीतर्फ पानी ल्याउँदै। तस्वीर: प्रतीक

चुरे पर्वत शृङ्खलाको फेद हुँदै करीब १० किलोमिटर दक्षिणसम्मको भावर क्षेत्रपछिको चेरवन्त क्षेत्र अर्थात् पानीको सहजता हुने क्षेत्रमा नै पानीको अभाव हुन थालेपछि बालीनालीमा प्रयोग गर्न कोल्हवी नगरपालिकाका सयौं किसान तथा स्थानीयहरूले अहिले नै पानीको प्रबन्ध गरेका हुन्। अघिल्लो पुस्ताले पनि कोल्हवी, सपहीलगायतका चेरवन्त क्षेत्र अर्थात् हजारौं बिघा खेतीयोग्य जमीनमा पानीको अभाव हुँदा विगतका वर्षहरूमा आवश्यता पर्दा सिंचाइका लागि कुलो खनेर निजगढस्थित बकैया पुलको दक्षिणतर्फबाट पानी लैजाने गरेको निजगढका ८० वर्षीय स्थानीय रुद्रलाल श्रेष्ठले बताए।

खन्ने मेशिन नहुँदा पहिले कोल्हवी, सपहीका आठ/नौ सयजनाले कोदालो, फरुवाले महीनौं दिन लगाएर खोलाबगर खन्दै कुलो बनाएर पानी लगी खेतबालीमा सिंचाइ गर्ने गरेको बताए।

यस वर्ष पनि आकाशे पानी पर्याप्त नपर्दा खेतबालीका लागि पानीको चरम अभाव निम्तिएपछि एउटा एक्साभेटर, एउटा डोजर, टिपर र दुई/तीन सयजना स्थानीय कोदालो, फरुवा लिएर बकैया खोला र बगरमा कुलो खनेर पानी कोल्हवीतर्फ लगेको कोल्हवी नगरपालिकाका प्रमुख रामप्रसाद चौधरीले बताए।

स्थानीयहरूबाट जनश्रमदान तथा आवश्यक आर्थिक खर्च भएको र नगरपालिकाले एक्साभेटर, डोजर, टिपर र सात सय लिटर डिजेल उपलब्ध गराएको नगरप्रमुख चौधरीले बताए।

“यस वर्ष सिंचाइका लागि पानीको चरम अभाव भयो। सिमसार क्षेत्र, पानीका मूल मुहानहरू निकै सुके। चेरवन्त क्षेत्र पनि सुक्खा भए,” नगरप्रमुख चौधरीले भने। यस्तै समस्या थपिँदै जाने हो भने, यहाँ पनि खानेपानीको समस्या आउन बेर लाग्दैन,” उनले बताए।

खोलाबाट कुलो खनेर लगिएको पानीले कोल्हवी नगरपालिकाका विभिन्न वडामा गरी दुई हजार बिघाभन्दा बढी खेतमा सिंचाइ हुने वडा नं १ का अध्यक्ष राजहरण चौधरीले बताए। कोल्हवी, भलुवाहीखोर, झुरझुरे, हनुमानगंज, निकास, बगेवा, काटा, मटवा, बटौलिया, पिपरिया, श्रीपुर, सिंहासनीलगायतका दुई हजार बिघाभन्दा बढी खेतीयोग्य जमीनमा लगाइएका बालीनालीमा सिंचाइ गर्न सकिने उनले बताए।

समयसमयमा नगरप्रमुख आफैं खटेर कुलो खनी कोल्हवीमा बकैया खोलाको पानी ल्याएको स्थानीय कपिलदेव चौधरीले बताए। प्रस्तावित निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई सुरक्षित गर्न निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाले बकैया खोलाको दक्षिण–पश्चिम खोला किनारमा निर्माण गरेको तटबन्धले पनि कोल्हवीमा सिंचाइका लागि पानी लैजान कुनै समस्या नहोस् भनेर ह्युमपाइपसमेत राखिदिएको छ।

अडुवाखोला, मझना, जमुनी, सपहीलगायत अन्य खोलाहरूमा १० वटाभन्दा बढी बाँध रहेका र सोही बाँधहरूबाट दर्जनौं कुलो निकालेर यहाँका खेतमा सिंचाइ हुने गरेको स्थानीय कपिलदेवले भने।

यस वर्ष धानबाली बल्लतल्ल रोपियो। बेलाबेलामा सिंचाइ नहुँदा बाली सुक्ने भएकोले सबै मिलेर खोलाबाट नै कुलो खनेर लगेको काममा सहभागी स्थानीयहरूले बताए।

बढ्दो जनसङ्ख्या, मासिंदो वनजङ्गल, चुरे पहाड स्खलन, हरियालीमा कमी हुँदै गएकाले पनि यसको संरक्षणमा जुट्नुपर्ने देखिएको स्थानीयहरू बताउँछन्। त्यसैगरी, स्थानीय तह नगरपालिकाले पनि आर्थिक आम्दानीका नाउँमा मापदण्डलाई तोडमोड गर्दै प्राकृतिक स्रोतसाधन नदीजन्य पदार्थको अचाक्ली उत्खननलाई बढवा दिन नहुने पनि स्थानीयहरू भन्छन्।

आज आम्दानीका नाउँमा दुई/चार करोड कमाउने सोच हुन्छ। तर दीर्घकालीन असरलाई ध्यान नदिंदा पनि यस्तो प्राकृतिक विपत्ति आउने जानकारहरू बताउँछन्।

# छपकैयाका भोला एक दशकपछि घर फर्के
## पत्नीले मृत्यु दर्ता बनाइ सम्पत्ति हत्याएको आरोप

प्रस, परवानीपुर, १८ साउन/

वीरगंजका एक व्यक्ति एक दशकपछि आफ्नो घर फर्केका छन्।

एक दशकभन्दा बढी अवधिदेखि हराइरहेका वीरगंज–२ छपकैयाका भोला महतो पासी बिहीवार बिहान ९ बजे घर फर्केका हुन्।

भारतको कोलकातामा एकजनाको घरमा पशु चौपायाको स्याहारसुसार गर्दै आएका भोला हावडा एक्सप्रेसको रेलबाट कोलकाताबाट रक्सौल हुँदै वीरगंज छपकैया आएका हुन्। पहिले उनको मानसिक अवस्था ठीक नहुँदा घर फर्केका थिएनन्। तर केही महीनायता मानसिक अवस्थामा सुधार आएपछि आफू वीरगंज आएको उनले बताए।

एक दशकअघि उनकी पत्नी सीमा पासी पाँच वर्षीय छोरा र तीन वर्षीया छोरीलाई लिएर पोइल गएकी थिइन्। सोही टोलका समसाद अलिसँग पोइल गएकी सीमालाई अहिले समसादले पनि छोडेका छन्। शुरूमा सीमा र समसाद भारतको दिल्ली भागेका थिए। त्यही घरको छतबाट खसेर छोरोको मृत्यु भएको सीमाले बताउँदै आएकी छन्। उनी हाल १८ वर्षीय छोरीसँग वीरगंजमा बस्दै आएकी छन्। आफनी पत्नीलाई





खोज्दै भारत गएका भोलापछि मानसिक अवस्था गुमेपछि हराएका थिए। पत्नीले २०७८ सालमा पति भोला महतो पासीको वडा नं २ बाट मृत्युदर्ता प्रमाणपत्र बनाइ अंशमा उनको एक कट्ठा जग्गा पनि हत्याएको परिवारजनले आरोप लगएका छन्। भोलाकी आमाले जिउँदो मानिसको मृत्युदर्ता प्रमाणपत्र बनाइ छोराको सम्पत्ति हिनामिना गरेका सबैलाई छानबीनको दायरामा ल्याइ आवश्यक कारबाही गर्न प्रहरी प्रशासनसँग अपील गरेकी छन्।

# पर्सागढीमा निश्शुल्क खोप वितरण

प्रस, बिरुवागुठी, १८ साउन/

पर्साको पर्सागढी नगरपालिकामा रहेका पशु चौपायाहरूमा सरुवा रोगको रूपमा देखा परेको लम्पी स्किन रोगविरुद्ध बिहीवारदेखि निश्शुल्क खोप दिने कार्य शुरू भएको छ।

नगरका किसानहरूले पालेका चौपाया गाईभैंसीहरूमा रोगको सङ्क्रमण दिन प्रतिदिन बढ्दै गइरहेकोले मधेस प्रदेश सरकार मातहतमा रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, वीरगंजले पठाएको निश्शुल्क आठ सय थान खोप दिने कार्य आजदेखि शुरू भएको नगरपालिका शाखा प्रमुख पुष्पेन्द्र साहले जानकारी दिए।

पहिलो चरणमा नगरभित्र किसानले पालेका चौपायाहरूलाई तथा दोस्रो चरणमा सबै गाईभैंसीलाई खोप दिने प्रमुख साहले बताए। नगरभित्र कतिको सङ्ख्यामा चौपायाहरू रहेको सोको तथ्याङ्क पनि यकीन गर्ने उनले बताए।

# बिलबीजकभन्दा बढी सामानसहित दुईवटा ट्रक नियन्त्रणमा

प्रस, वीरगंज, १८ साउन/

पर्सा प्रहरीले बिलबीजकभन्दा बढी सामान लिएर पथलैयातर्फ गइरहेका दुईवटा ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। गएराति साढे ११ बजेको समयमा वीरगंज–१४ गण्डकस्थित चेकजाँचको क्रममा ना.३ख ३१९९ र ना.६ख ७१ नम्बरका ट्रक पर्सा प्रहरीले नियन्त्रणमा लिएको पर्सा प्रहरीका प्रवक्ता प्रनाउ दीपक गिरीले जानकारी गराए।

उनका अनुसार पूर्वसूचनाको आधारमा सामान चेकजाँच गर्दा बिलबीजकभन्दा बढीको सामान भेटिएपछि नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा पठाइएको हो। रु ८४ लाख ९९ हजार मूल्य बराबरको ट्रक, खुद्रा एवं हार्डवेयरका सामान राजस्व अनुसन्धान कार्यालय, पथलैयालाई बुझाइएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

# मानवसेवा वीरगंजलाई सिटिजन बैंकको सहयोग

प्रस, वीरगंज, १८ साउन/

सिटिजन इन्टरनेशनल बैंक लिमिटेडले मानवसेवा आश्रम, वीरगंजलाई विभिन्न आवश्यक सामग्री हस्तान्तरण गरेको छ।





सो बैंकका प्रादेशिक प्रमुख दिवस सिंह ठकुरीले आश्रमका प्रदेश संयोजक देवेश मानवसेवालाई एक थान इन्भर्टर र ब्याट्रीका साथै माइक र स्पीकर हस्तान्तरण गरेका थिए। अहिले अत्यधिक गर्मी बढे बेला विद्युत् अवरुद्ध भई आश्रमका आश्रितहरूलाई समस्या भएपछि इन्भर्टर र ब्याट्री हस्तान्तरण गरिएको प्रादेशिक प्रमुख ठकुरीले बताए। उनले आश्रममा बिहान र साँझ भजनकीर्तन गर्न माइक र स्पीकर पनि हस्तान्तरण गरेको बताए।

उनले सिटिजन बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत मानवसेवा आश्रमलाई सहयोग प्रदान गरेको बताए।

# राजस्वले दुःख दिएको भन्दै प्रशासनमा ज्ञापन

प्रस, वीरगंज, १८ साउन/

प्रहरी तथा राजस्वको टोलीले कार्यालय पथलैया तथा प्रहरीले विनाकारण सामानहरू पक्राउ गरी





वीरगंजका व्यापारीहरूमाथि ज्यादती गरेको भन्दै सर्जिकल एशोसिएशनले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ। एशोसिएशनका अध्यक्ष साकेत भाष्करले सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेललाई ज्ञापनपत्र बुझाएका छन्। पर्सामा रहेका सर्जिकल तथा रसायन व्यापारीहरूले रीतपूर्वक राजस्व तिरी सामान आयात गरी बजारमा पठाउँदा विभिन्न बहाना देखाउँदै राजस्व समस्या उत्पन्न गरिरहेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

सरकारको नियम अनुसार सबै प्रक्रिया पुऱ्याइ बिल भरपाईसहित सामानहरू वीरगंज पठाउँदा पथलैयाको टोलीले झमेला खडा गर्ने कार्य तत्काल रोक्नुपर्ने व्यापारीहरूको माग छ। ज्ञापनपत्र बुझ्दै सप्रजिअ पौडेलले व्यापारीहरूले माग गरे अनुसार तथा ज्ञापनमा उल्लेख समस्याको तत्काल हल गर्न पहल गर्ने बताए।

## दश दिनदेखि ओझैया ...

मेशिनरी खरीद सम्झौता पालना गर्न, सार्वजनिक सुनवाइ गर्न एवं आफूमाथि भएको दुर्व्यवहार मुद्दामा छानबीन गरी दोषी उपर कारबाहीको माग गरेका छन्।

यस विषयमा पटेर्वासुगौली गापाका अध्यक्ष दिनेश चौधरीसँग बुझ्दा उनले नोकरी र बजेटको लागि आफूसँग बार्गेनिङ गरेको र अनशन नौटङ्कीबाहेक केही पनि नभएको प्रतिक्रिया दिए। उनले यसअघिका गापा अध्यक्षसँग १३ लाख बजेट लिएर कुनै प्रभावकारी काम नगरेको र उनलाई गापामा जागीर लगाउन गाउँलेको विरोध रहेकोले रोजगार दिन नमिल्ने जवाफ दिए। २८ वर्षीय रामजन्मले धरानबाट कृषि इन्जिनीयरिङ पढेका छन्।








## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारवार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी सङ्कलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड